म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३१८ शनिबार १६ असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 1 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषध ओसारपसार आरोपमा शिक्षक पक्राउ

हेटौंडा, १५ असार/जिल्ला प्रहरी कार्यालय मकवानपरले प्रतिबन्धित लागूऔषध अफिम ओसारपसार गरेको आरोपमा एकजना शिक्षकलाई पक्राउ गरेको छ । जिल्लाको पश्चिमी क्षेत्रस्थित विकट राक्सिराङ गाउँपालिकाबाट मनहरी बजारतर्फ आउँदै गरेको बा ५३ प ४५३९ नम्बरको मोटरसाइकललाई जाँच गर्न खोज्दा चालक फरार भएका थिए । उक्त मोटरसाइकलमा सवार ३६ वर्षीय प्रल्हाद दर्जीलाई ३ किलो ४ सय ६० ग्राम अफिमसहित नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । प्रहरीले जिल्लाको कैलाश गाउँपालिका-३ कालिकाटार स्थित भवानी माध्यमिक विद्यालयका शिक्षक मनहरी-७ रमनटार घर भएका दर्जीलाई पक्राउ गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । प्रहरीले दर्जीको साथबाट नगद ५० हजार रुपैयाँ पनि बरामद गरेको जनाएको छ । फरार मोटरसाइकल चालकको खोजी कार्य भइरहेको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

# बजेटले सत्तापक्ष र प्रतिपक्षबीच टकराव, प्रदेशसभा अनिश्चित

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ आगामी आर्थिक वर्ष २०८०/८१ का लागि बागमती प्रदेश सरकारले ल्याएको बजेटका कारण सत्तापक्ष र प्रतिपक्षबीच टकराव बढेको छ ।



राजनीतिक अस्थिरताले दलबीच मतभेद कायमै रहेका बेला बागमतीमा नयाँ बजेटले सत्तापक्ष र प्रतिपक्षबीच टकरावको स्थिति ल्याएको हो । प्रदेश सरकारमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी) छन् । यी तीन पार्टीमध्ये कांग्रेस र माओवादीका प्रभावशाली सांसदलाई योजनासहित ८ करोड दिएको, मुख्यमन्त्री शालिकराम जम्कट्टेल, आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामा र भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलालले आफ्ना तीन जिल्लामा २२ प्रतिशत बजेट लगेकोले जिल्लामा समानुपातिक ढंगबाट बजेट बिनियोजन नहुनुका साथै आवश्यकतामा आधारमा योजना छनोट नगरेको भन्दै प्रतिपक्षी दल रुष्ट छ ।

विपक्षमा रहेको नेकपा एमाले र राप्रपाले १२ असार र १३ असारमा राखिएको दुई वटा प्रदेशसभा बैठक अवरुद्ध गरिसकेका छन् । बैठक अवरुद्ध हुँदा बजेटमाथिको छलफल नै अगाडि बढ्न सकेको छैन । नेकपा एमाले र राप्रपाले बजेटमा भेदभाव गरिएको भन्दै प्रदेशसभाको बैठक चल्न दिएका छैनन् । १३ असारको बैठकमा राप्रपा संसदीय दलका नेता उद्धव थापाले बोलेपछि सभामुख भुवनकुमार पाठकले १७ असारसम्मलाई प्रदेशसभा बैठक स्थगित गरेका थिए । त्यसअघि १२ असारमा भएको बैठकमा एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले बोलेपछि एमाले र राप्रपाले अवरोध गर्दा बैठक स्थगित गरिएको थियो ।

मंगलवार तीन चरणसम्म बैठक बोलाएर पनि नेकपा एमाले र राप्रपाको अवरोधपछि प्रदेशसभा बैठक बुधवार बिहान ११ बजेलाई राखिएको थियो । तर, बजेटमाथि असन्तुष्टि जनाउँदै प्रदेशको विपक्षी दल नेकपा एमाले र राप्रपाले अवरोध कायम राख्ने भएपछि बजेटको छलफल नै सुरु हुन सकेको छैन । बुधवार प्रदेशसभामा अनौठो दृश्य देखिएको छ । प्रदेशको इतिहासमा पहिलोपटक सत्तापक्ष नै बैठकमा अनुपस्थित भए । प्रतिपक्षले बैठक बहिष्कार गर्ने गरेका घटना भइरहे पनि हेटौंडा-१० स्थित प्रदेशसभा भवनमा सत्तापक्ष नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी) का सांसदहरुकै उपस्थिति थिएन ।

भोलि १७ असारमा बोलाइएको प्रदेशसभा बैठक पनि सञ्चालन हुन देखिँदैन । एमाले र राप्रपाले अवरोध कायमै राख्ने भएपछि बैठकमा बजेटमाथिको छलफल अगाडि बढ्ने नदेखिएसँगै प्रदेशसभा अनिश्चित बनेको छ । बजेट संशोधन नभए सदन चल्न नदिने रणनीतिमा एमाले र राप्रपा छन् । एमाले संसदीय दलका नेता थपलियाले सरकारले ल्याएको बजेटमा धेरै जनता विरोधी काम राखिएको आरोप लगाएका छन् ।

सरकारले सडक निर्माण र डिप बोरिङको लागि भन्दै ५ लाखको बजेट विनियोजन गर्नु निकै लज्जास्पद विषय भएको भन्दै उनले यस्ताखालको विषय प्रदेश सरकारको लाजको विषय भएको बताए । मुख्यमन्त्री शालिकराम जमरकट्टेल र केही मन्त्रीले आफ्नो क्षेत्रमा मात्र बजेट विनियोजन गरेको एमालेको आरोप छ । त्यसैले संघीयता विरोधी बजेटलाई कुनै पनि हालतमा पास हुन नदिने चेतावनी थपलियाको छ ।

राप्रपा संसदीय दलका नेता उद्धव थापाले सरकारको आगामी आर्थिक वर्षको बजेट असन्तुलित र पक्षपाती भएको बताए । प्रदेशमा सत्तापक्ष र प्रतिपक्षको टकराब बढ्दै गएको हो । आगामी आर्थिक वर्षको बजेट सम्बोधनमा प्रतिपक्षी दललाई पूरै निषेध गरिएको भन्दै सत्तापक्ष र प्रतिपक्षी दलबीच टकराब बढ्दै गएको हो । बजेट पुन:लेखन नभएसम्म प्रदेशसभा बैठक चल्न नदिने प्रमुख प्रतिपक्षी दल एमाले संसदीय दलका नेता थपलिया बताउँछन् । बजेटमा सरकारले आफूखुसी गरेको भन्दै निरन्तर विरोध गर्दै आएको एमालेले बागमती प्रदेशसभा चल्न दिएको छैन । सरकारले ल्याएको बजेट सके सहमतिमा नसके बहुमतका आधारमा पारित गरिने मुख्यमन्त्री शालिकराम जम्कट्टेलले बताउँदै आएका छन् ।

प्रदेश सरकारले १ असारमा आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ६२ अर्ब ७० करोड ९० लाख रुपैयाँको बजेट ल्याएको थियो । चालू आर्थिक वर्षमा ७० अर्ब ९३ करोड ९२ लाख रुपैयाँको बजेट ल्याएको प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटको आकार ८ अर्बले घटाएको हो । आगामी आवको बजेटमा कुल विनियोजित बजेटमध्ये चालू खर्चतर्फ २६ अर्ब ७० करोड २७ लाख र पुँजीगततर्फ ३५ अर्ब ५० करोड ६३ लाख ९ हजार विनियोजन गरिएको छ । वित्तीय व्यवस्थातर्फ ५० करोड बिनियोजन गरेको प्रदेश अर्थमन्त्री बहादुरसिं लामाले प्रस्तुत गरेको बजेटमा उल्लेख छ ।

## बस दुर्घटनामा ५२ जना घाइते, एक जना रिफर

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ हेटौंडाको नवलपुरमा यात्रुवाहक बस दुर्घटना हुँदा ५२ जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार दिउँसो करिब २ बजे चितवनबाट जनकपुर जाँदै गरेको ना. ६ ख ९८०४ नम्बरको बस हेटौंडा-११ नवलपुर, सरस्वतीको ओरालोमा दुर्घटना भएको हो ।

दुर्घटनामा ५२ जना घाइते भएको र उनीहरुको उपचार भइरहेको प्रहरीले जनाएको छ । घाइतेहरुको जिल्ला प्रहरी कार्यालय मकवानपुरले उद्दार गरी हेटौंडा अस्पातल र चुरेहिल अस्पाताल पठाइएको छ । घाइतेमध्ये ३० जनाको हेटौंडा अस्पताल र २२ जनाको चुरेहिल अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । प्रहरीका अनुसार गम्भीर घाइते भएका महोत्तरी जलेश्वर नगरपालिका-१ बस्ने ३२ वर्षीय राकेश पाण्डेको थप उपचारका लागि भरतपुर रिफर गरिएको छ । प्रहरीका अनुसार उनको टाउकोमा गम्भीर चोट छ ।

बस अनियन्त्रित भएर सडकबाट तल खसेको प्रहरीले जनाएको छ । सडकको नाला निर्माण र कालोपत्रे गर्ने काम भइरहेकोले चालक झुक्किएको हुनसक्ने अनुमान गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरीउपरीक्षक बामदेव गौतमले जानकारी दिए ।

उनका अनुसार घाइतेमध्ये केहीको अवस्था गम्भीर छ भने बाँकीको सामान्य रहेको छ । दुर्घटनाका विषयमा थप अनुसन्धान भइरहेको र चालक सम्पर्कमा नरहेको उनले बताए ।

## चोरीको मोटरसाइकल सहित हेटौंडाबाट दुई जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ चोरीको मोटरसाइकल सहित हेटौंडाबाट मकवानपुर प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । हेटौंडा उपमहानगर पालिका वडा नं.१५ स्थित रातोमाटेबाट चोरीको मोटरसाइकल सहित दुई जना पक्राउ गरिएको हो ।

पक्राउ पर्नेमा बारा करहैयामाई नगरपालिका वडा नं. ७ बस्ने २४ वर्षीय अरविन्द चौधरी र सोही स्थानका २२ वर्षीय अर्जुन चौधरी रहेका छन् । प्रहरीचौकी रातोमाटेबाट खटिएको प्रहरी टोलीले बा.प्र.०६-०२ प २३४ नम्बरको चोरीको मोटरसाइकल सहित चौधरीद्वयलाई पक्राउ गरेको थियो ।

मोटरसाइकल चितवनबाट चोरी गरी ल्याएको अनुसन्धानबाट पत्ता लागेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । उनीहरुलाई आवश्यक कारबाहीको लागि चोरीको मोटरसाइकल सहित दुबैलाई जिल्ला प्रहरी कार्यालय चितवनमा पठाइएको छ ।

## बागमतीमा सवारी लाइसेन्सको 'ट्रायल' पास हुने बढे



साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ चालक अनुमतिपत्रका लागि लिइने प्रयोगात्मक परीक्षा (ट्रायल) मा ७० प्रतिशत ल्याउँदा पास हुने व्यवस्था लागू भएसँगै दुई पाग्रे सवारीसाधनको ट्रायल परीक्षा पास हुने १० प्रतिशतले बढ्का छन् । बागमती प्रदेश सरकारले गरेको निर्णय अनुसार काठमाडौं उपत्यकाका चारवटै यातायात व्यवस्था कार्यालयले गत फागुनदेखि ट्रायल दिँदा ७० प्रतिशत आए पास हुने नियम लागू गरेका थिए ।

पहिले दुई पाग्रे सवारी साधनमा स-साना गल्तीका कारण फेलको संख्या बढी भएकाले अहिले प्रयोगात्मक परीक्षामा ७० प्रतिशत हुँदा पास हुने व्यवस्था लागू गरेपछि पास हुनेको संख्या बढेको यातायात व्यवस्था कार्यालय (चालक अनुमतिपत्र) एकान्तकुनाका प्रमुख राजकुमार कपालीले बताए । दुई पाग्रे सवारी साधनमा पास हुनेको संख्या १० प्रतिशत बढे पनि चार पाग्रे सवारी साधनको परीक्षामा भने पहिलेभन्दा उल्लेखनीय रुपमा बढ्न नसकेको उनले बताए ।

गाडीमा धेरैजसो उकालो र हिल ब्रेकमा फेल हुने गरेको प्रमुख कपालीले बताए । चार पाग्रे तथा ठूला गाडीमा ७० प्रतिशत ल्याउँदा पास हुने नियम लागू भए पनि गाडीको ट्रायलमा मौका नहुने भएकाले फरक नपरेको उनको भनाइ छ । अनुमतिपत्रको परीक्षामा पहिले गाडीमा भन्दा मोटरसाइकल र स्कुटरमा बढी फेल हुने गरेको यातायात कार्यालयले जनाएको छ ।

पुरानो कार्यविधिअनुसार परीक्षा दिँदा सेवाग्राहीले मोटरसाइकल चलाउँदा एउटा खुट्टा टेकेर फेल हुने गरेका थिए । धेरै सेवाग्राही ट्राफिक बत्तीमा झुक्किएर पनि फेल हुने गरेको प्रमुख कपालीले बताए। उनले भने, 'अहिले आठमा खुट्टा टेक्दा एक पटक मौका पाउने र बत्तीमा पनि मौका पाउने गरेका छन् ।' यातायात व्यवस्था कार्यालयमा पहिले सेवाग्राहीको भीड व्यवस्थापनको समस्या रहेकामा अहिले यो समस्या समाधान भएको उनले बताए ।

'नयाँ दर्ता तथा लिखित परीक्षामा समस्या थियो । अहिले समाधान भइरहेको छ', प्रमुख कपालीले भने, 'लिखित परीक्षा बिहान ७ बजे सुरु गरेर १० बजेसम्म सकाउने गरेपछि कर्मचारी र सेवाग्राही दुवैलाई सजिलो भएको छ ।' प्रयोगात्मक परीक्षामा ७० प्रतिशत ल्याउँदा पास हुने नियम अरु प्रदेशले यसअघि नै कार्यान्वयन गरे पनि बागमती प्रदेशले भने ढिला सुरु गरेको थियो ।

विगतमा शतप्रतिशत ल्याउँदा मात्रै पास हुने नियम लागू हुँदा दुई पाग्रे सवारीसाधनमा ३५ देखि ४० प्रतिशत सेवाग्राही पास हुने गरेका यातायात व्यवस्था विभागले जनाएको छ । लिखित परीक्षा पास भएका सेवाग्राहीले प्रयोगात्मक परीक्षा एकपटक फेल भए पनि तीनपटकसम्म दिन पाउने व्यवस्था छ ।

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

प्रोफेशनल स्कील एण्ड ट्रेनिङ डिपार्टमेन्ट



यही आउँदो शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीको लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि कक्षाहरु सञ्चालन गरिँदैछ ।

भर्ना र थप जानकारीको लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्कको लागि

०५७-५२१२७२, ९८०१०६८६४१, ९८४८०२९२७७ (प्रिन्सिपल)

गोदमघर भाडामा चाहियो ?

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

सम्पर्क : ९८०२५३०३०३

त्रिवेणी भेजिटेवल मार्ट प्रा.लि. द्वारा सञ्चालित

हेटौंडा कृषि तरकारी बजार

हेटौंडा-४, मेनरोड, नारायणी मल सँगै




नोट: केहि स्टल खाली रहेकोले बुकिङ्को लागि छिटै सम्पर्क गर्नुहोला

☎ ९८६०५९८०५३, ९७४१६८०१८७, ९८५५०३३५५८

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर

☞ वाइरिङ मर्मत

☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ

☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने

☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ

☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट

☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेबसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# पहिलो व्यवसायिक अन्तरिक्ष पर्यटन उडान गर्दै भर्जिन ग्यालेक्टिक

अन्तरिक्ष पर्यटन कम्पनी भर्जिन ग्यालेक्टिकले आफ्नो पहिलो व्यवसायिक उडान सेवा सुरु गर्न लागेको छ । कम्पनीले यस विषयमा सूचना जारी गर्दै यहीँ जुन महिनाको अन्त्यसम्ममा अन्तरिक्षका लागि व्यवसायिक पर्यटन सेवाको उडान सुरु गरिने जनाएको छ ।

कम्पनीले जुन २७ देखि ३० को बीचमा उडान गर्ने बताइएको छ । पहिलो व्यवसायिक अन्तरिक्ष उडानको नाम ग्यालेक्टिक ०१ रहनेछ । त्यस्तै दोस्रो व्यवसायिक अन्तररिक्ष उडान ग्यालेक्टिक ०२ चाहिं आगामी अगष्टमा गर्ने कम्पनीको योजना छ ।

त्यसपछि भने कम्पनीले हरेक महिना पर्यटकहरुलाई आफ्नो व्यवसायिक उडानमार्फत् अन्तरिक्षमा पुऱ्याउनेछ । व्यवसायिक अन्तरिक्ष पर्यटन सेवा सुरु गर्ने घोषणा सँगै भर्जिन ग्यालेक्टिक कम्पनीको शेयर मूल्यमा ४० प्रतिशत भन्दा धेरैले बढोत्तरी भएको छ ।

**के भन्छ कम्पनी ?**

आफ्नो पहिलो उडान कुनै सामान्य उडान नहुने भर्जिन ग्यालेक्टिकको भनाइ छ किनकि सो उडान एउटा वैज्ञानिक अनुसन्धान मिसन हुनेछ । त्यसमा इटालियन वायुसेना तथा इटालीको राष्ट्रिय अनुसन्धान परिषद्का चालक दलका तीन तीन जना सदस्यहरु सवार हुनेछन् । ती वैज्ञानिकहरुले उक्त उडानका क्रममा सरुक्ष्म गुरुत्वाकर्षण अर्थात् माइक्रोग्राभिटीको अध्ययन गर्नेछन् । त्यसपछिको दोस्रो व्यवसायिक उडान ग्यालेक्टिक टू मा चाहिं आम पर्यटक सवार हुने बताइएको छ ।

**कसरी भयो तयारी ?**

सर रिचार्ड ब्रान्सनले भर्जिन ग्यालेक्टिक कम्पनी सन् २००४ मा स्थापना गरेका थिए । सोही वर्ष उनले पहिलोपटक एउटा अन्तरिक्ष विमान बनाउने आफ्नो मनसायको खुलासा गरेका थिए । सन् २००७ सम्ममा अन्तरिक्षमा व्यवसायिक उडान गर्न सकिने उनको विश्वास थियो ।

तर प्राविधिक कठिनाइका साथै परीक्षणका क्रममा भएका दुर्घटनाहरुको कारण कम्पनीको अन्तरिक्ष परियोजनामा पटक पटक धक्का लागिरह्यो । अन्ततः सन् २०२१ मा कम्पनीका मालिक रिचार्ड ब्रान्सन आफैंले आफ्नो निजी रकेट युनिटीबाट पहिलोपटक अन्तरिक्षको यात्रा गरेर कीर्तिमान कायम गरे र उनी अन्तरिक्षको यात्रामा जाने पहिलो अर्बपति बने ।

उनले करिब सवा घण्टामा अन्तरिक्ष यात्रा पूरा गरेर पृथ्वीमा फर्किए । ब्रान्सनका अलवा उक्त मिसनमा उनीसँग २ जना पाइलट र कम्पनीकै तीनजना कर्मचारीहरु पनि सामेल थिए ।

आफ्नो बहुप्रतिक्षित अन्तरिक्ष पर्यटनलाई अनुमति दिनुअघि आफैले यात्रुको रुपमा त्यसको अनुभवको मूल्यांकन गर्न चाहन्थे ब्रान्सन ।

उक्त मिसन सफल भएसँगै अन्तरिक्षमा जाने दौड नै सुरु भयो । स्पेस एक्स तथा ब्लु ओरिजिन जस्ता कम्पनीहरुले पनि अन्तरिक्ष पर्यटन परियोजना अघि सारे । ब्लू ओरिजिन फर्त् अमेजनका संस्थापक अर्बपति जेफ बेजोस समेत अन्तरिक्षको यात्रामा गए ।

व्यवसायिक अन्तरिक्ष पर्यटन यात्रा सुरु गर्न लागेको भर्जिन ग्यालेक्टिकका लागि यो लक्ष्य हासिल गर्नु कुनै कोशेढुंगा भन्दा कम होइन ।

**टिकटको मूल्य कति ?**

पर्यटकहरुलाई अन्तरिक्षको यात्रा गराउने घोषणा गरेयता भर्जिन ग्यालेक्टिकले हालसम्म ८ सय भन्दा धेरै टिकट बिक्री गरि सकेको छ । टिकटको मूल्य निकै चर्को छ । अन्तरिक्ष उडानमा जाने एउटा टिकटको मूल्य साढे ४ लाख डलर रहेको छ ।

ग्यालेक्टिक उडानलाई यस्तो प्रकारले डिजाइन गरिएको छ कि विमानभित्र बसेका यात्रुहरुले बाहिर अर्थात् अन्तरिक्षको दृश्यावलोकन मज्जाले गर्न सक्दछन् । साथै केही मिनेटका लागि यात्रुहरुले शून्य गुरुत्वाकर्षण र भारविहीनताको पनि अनुभव गर्न पाउँछन् ।

**अर्को कम्पनीमा ताला**

एकातर्फ भर्जिन ग्यालेक्टिक अन्तरिक्ष पर्यटनमा केन्द्रित छ भने अर्कोतर्फ ब्रान्सनकै अर्को कम्पनी भर्जिन अर्बिटले चाहिं अन्तरिक्षमा स्याटेलाइट प्रक्षेपण गर्ने योजना बनाएको थियो । तर उक्त कम्पनी मे महिनादेखि बन्द छ । कम्पनीले आफूलाई टाट पल्टिएको घोषणा गर्दै कार्यसञ्चालन बन्द गरेको हो ।

यो वर्षको सुरुवातमै भर्जिन अर्बिट आफ्नो एक मिसनमा असफल भएको थियो । सोही असफल मिसनको महिनौं पछि कम्पनी नै बन्द गरिएको हो ।

सो कम्पनीको स्थापना सन् २०१७ मा भएको हो र यो अन्तरिक्ष पर्यटन कम्पनी भर्जिन ग्यालेक्टिककै एक भगिनी कम्पनीको रुपमा थियो।

**यौन/जीवनशैली**

# महिलाको चरमसुखबारे रोचक तथ्य

यौन शब्दले नै मानिसमा एकखालको तरंग ल्याउने गर्छ । हरेक व्यक्तिले हरेक पलजसो कुनै न कुनै रूपमा यौनका बारेमा सोच्ने गरेको हुन्छ । तर यौनमा आनन्द भएन भने त्यो स्वार्थपूर्तिका लागि गरिने शारीरिक क्रियाकलापमात्र हुन जान्छ । अतृप्त यौन आनन्दका लागि पुरुष र महिला दुबैको उत्तिकै सहभागिता हुनुपर्छ ।

दुबैले यौन सम्पर्कका बेला यौन आनन्द प्राप्त गर्नु आवश्यक छ । एकजनाले मात्र सन्तुष्ट हुनुलाई सम्भोग भनिँदैन । सम्भोगको अर्थ नै दुबैले समानरूपमा भोग्नु वा यौनको आनन्द पाउनु हो । न्यू साइन्टिस्ट म्यागेजिनमा छापिएको समाचारअनुसार महिलाको चरमसुखका विषयमा पत्ता लागेका ६ वटा रोचक तथ्यहरु यसप्रकार रहेका छन् ।



१. महिलाको योनीभित्र जी स्पट हुन्छ भन्ने कुरा सत्य हो । योनीभित्र हुने यो स्थान निकै संवेदनशील क्षेत्र हो । यही क्षेत्रमा घर्षण पैदा भएसँगै महिलालाई चरमसुख प्राप्त हुन्छ । यद्यपि यो क्षेत्र योनीभित्रको ठीक कुन भागमा हुन्छ भन्ने कुराको एकिन भने गर्न सकिँदैन ।

२. चरम सुखका बेला महिलाको मस्तिष्कको अधिकांश भाग निस्कृय हुन्छ । वैज्ञानिकहरुले गरेको अनुसन्धानले के देखाएको छ भने जब मान्छेको दिमागमा सेक्सले ठाउँ पाउँछ, अरु विषय स्वतः निस्कृय हुन्छन् । अझ चरम सुखका बेला त संवेदनाको अनुभूति गर्ने क्षेत्रसमेत निस्कृय हुन्छ ।

३. धेरै महिलाले चरम सुख प्राप्त गर्न सक्दैनन् । सन् १९९९ मा अमेरिकामा गरिएको एक सर्भेक्षणले ४३ प्रतिशत अमेरिकी महिलामा यस्तो समस्या भएको देखाएको थियो । यसको निस्कर्ष के हो भने पुरुषको तुलनामा अत्यधिक महिलामा यौनसुख प्राप्त नगर्ने जैविक कमजोरी नै हुन्छ ।


४. चरमसुखलाई वंशाणुले फरक पार्छ । अनुसन्धानअनुसार चरमसुखमा हुने ४५ प्रतिशत विविधता वंशाणुकै कारण हुन्छ । कतिपय महिलाले सम्भोगका बेला चरमसुख पाउन सक्दैनन् र केहीलाई हस्तमैथुन गर्दा पनि यौन सुखको अनुभूति हुँदैन, यसो हुनुमा वंशाणुगत कारण मुख्य हुन्छ ।

५. चरमसुख दिने प्रविधि बन्दैछ । जैविक कारणले नै चरमसुख पाउनबाट वञ्चित महिलाहरुलाई यौनसुखको अनुभूति दिलाउनका लागि वैज्ञानिकहरुले प्रविधिको विकास गरिरहेका छन् । यौन उत्प्रेरकको काम गर्ने यस्तो प्रविधि महिलाको सुसुम्ना अर्थात् ढाडभित्रको नसामा जोडिनेछ, जसले महिलामा चरम सुख प्राप्त नहुने समस्या समाधान गरिदिनेछ ।

६. यति हुँदाहुँदै पनि महिलाको चरमसुखका विषयमा रहेका भ्रम सबै मेटिन सकेका छैनन् र यो विषयमा रहेका सबै प्रश्नको उत्तर प्राप्त भइसकेको छैन । यो विषय क्रम विकासका वैज्ञानिका लागि पनि निकै कठीन विषय बनिरहेको छ । कतिपयले त यौनसुख महिलाका लागि अनावश्यक बोझ भएको बताउँछन् ।

# अचानक यौन सम्पर्क गर्दा युवतीलाई किन हुन्छ पश्चाताप ?

अचानक कसैसँग यौन सम्पर्क भयो भने त्यसलाई क्याजुअल सेक्स भनिन्छ । यस्तो यौन सम्पर्कमा सहमति र खुशी पनि हुन्छ । क्याजुअल सेक्सपछि युवतीहरुमा खेद, पश्चाताप र हिनताबोधको भावना देखिन्छ । पछिल्लो एक अध्ययनका अनुसार यदि यौन सम्पर्कको प्रस्ताव युवतीले गरेका छन् भने उनीहरुमा हिनताबोधको भावना देखिँदैन । यसअघिका अध्ययनमा के पाइएको थियो भने 'वन नाइट स्ट्याण्ड'मा पुरुषको तुलनामा महिलाहरुलाई ज्यादा पश्चाताप हुन्छ ।



अनुसन्धानकर्ताले नर्वेको विश्वविद्यालयमा ५ सय ४७ र अमेरिकाको विश्वविद्यालयमा २ सय १६ विद्यार्थीसँग छलफल गरेको थिए । तीमध्ये कोही पनि समलिंगी थिएनन् । यो छलफलका क्रममा धेरै कुरा स्पष्ट भएका छन् । क्याजुअल सेक्समा युवक र युवतीको सोचाइ निकै फरक हुन्छ ।

यो अध्ययनमा युवतीहरुलाई उसको पार्टनरसक्षम र यौन सम्बन्धका क्रममा सन्तुष्टि दिन सक्ने फेला पऱ्यो भने उनीहरुभित्र हिनताबोध नहुने तथ्य फेला परेको छ ।

सो अध्ययनमा सहभागी हुने सबै विद्यार्थी नर्वीयन युनिभर्सिटी अफ साइन्स एण्ड टेक्नोलोजी (एनटीएनयू) र युनिभर्सिटी अफ टेक्ससका थिए । सबैको उमेर ३० वर्षभन्दा कम थियो । यसअघिका अध्ययनका अनुसार क्याजुअल सेक्समा पुरुषलाई महिलाको तुलनामा निकै कम पश्चाताप हुन्छ । योसँगै सेक्स पहिला कसले गरेको थियो भन्नेसँग कुनै मतलब नहुने अनुसन्धानका क्रममा फेला परेको थियो ।

**साहित्य**

## नारी आवाज

**काशीनाथ मिश्रित**

म नारी हुँ गाई सरि छु घरमा मात्र बँधुवा
जुरेली झैँ उड्ने मन छ कसरी उड्न सकुला?
पखेटा फड्कारी कसरत गरेँ उड्न नभमा
दिएनन् बाधाले अवतरण भो फेरि भवमा ।

तगारा छन् धेरै पुरुषहरूका जन्जिर खडा
म आईमाई रे ! उनिसरहकी हुन्न म बडा !!
मरी जान्छन् इच्छाहरू पनि भई कुण्ठित सधैं
दबी बस्ने कैलेतक दमनको बोझ सहँदै?

नजन्मी मारिन्छू सहज भ्रुणहत्या गरिदिँदा !
दुवै बाबाआमा विखुसि किन हो जन्म म लिँदा?
म बुर्काको भागी किन हुन गएँ जान्न सकिनँ?
तिमी द्यौता, दासी चरणतलमै आज म किन??

दयाकी खानी हुँ नबुझ कमजोरीपन तिमी
परे लोहा जस्तै अतिशय कडा बन्दछु पनि !
म माया हुँ तिम्रै तल तल परी हेपिनु किन?
म आमा , छोरी हुँ पशु सरह भै बेचिनु किन??

म छोरीमान्छे रे ! पुरुषहरू झैँ हाँस्न नहुने !
तिमी झैँ स्वेच्छाले प्रणय पिरति गाँस्न नहुने !!
मरे लोग्ने आफू विकल, सधवा बाँच्न नहुने !
बनाए खै कल्ले नितिनियम यी भाँच्न नहुने?

मरे पत्नी उस्तै पहिरन तिमी लाउन हुने !
तिमी मर्दा रातो किन म कपडा भिर्न नहुने?
म सृष्टीकर्ता हुँ कुन प्रकृतिको यो नियम हो?
दुवै पाटा नारी-पुरुष रथका हुन्ह नभन भो !!

तिमी हामी जन्म्यौ समउदरकै भेदन गरी
बनाएनौ वातावरण जिउने भेद नगरी
म चाहन्छू उस्तै पुरुष-महिलाको कदर होस् !
गरी खाने ज्याला फरक किन यस्तो बदर होस् ।।

*(शिखरिणी छन्द)*

## गजल

**आदर्श खत्री**

जलेको मुटु लिएर सङ्गी, नबस्नु तिमीले
दुखेको दिल बिर्सेर सधैँ, हाँस्नु तिमीले

तिमीलाई छोडी जाँदैछु टाढा, आउँदिन फर्केर
सम्झनामा साँचेको मेरो तस्वीर, मास्नु तिमीले

पुगेन सायद दैवलाई, तिमीले विन्ती चढाको
दिएन मलाई जिउँदो हुन, मेरो जीवन बाँच्नु तिमीले

नछोड्नु भर दैवले पक्कै हेर्नेछन् एकफेरा
राखेर जान्छु अन्तिम आशा, नभाँच्नु तिमीले

## अक्वारियम र माछा



**गोपाल झापाली**

ओ ! अक्वारियमको माछा,
तिमी आफुले आफूलाई माछानै ठान्छौ है ?
पानीमा तैरिन सक्छु, पौडिन सक्छु,
फुल्काले स्वास फेर्न सक्छु
भनेरै होला तिमीले आफूले आफूलाई माछा ठानेको ?
के तिमीलाई थाह छ, सागरको गहिराई ?
थाह छ, तिमीलाई नदीको बेग ?
थाह छ, तलाउको शुन्यता ?

काँचको बाकसमा पौडिएर,
खन्याएको चारो खाएर
बिजुलीको रोशनीमा चम्किएर
पठाई दिएको स्वास निलेर
माछानै ठान्छौ होईन आफूलाई ?
के तिमीलाई थाह छ, ह्वेलको झम्ट्याई ?
थाह छ, अक्टोपसको फँडा ?
थाह छ, मोतीको चमक ?

एक पटक सागरमा पौडिएर हेर,
तलाउमा डुवेर निस्क, नदीमा तैरिन सिक,
सक्छौ ? कहाँ सक्नू ?
तिमी आँफै पानीको कैदी हौ,
खन्याई दिएको पानीमा पौडिने
शिशाको सागरमा दौडिने
तौलिएको चारामा अघाउने ।
के तिमीलाई मात्र भन्नु है ?
तिमी जस्तै मान्छेहरु पनि
तिमीलाई माछानै भनि रहेका छन्,
तिमीसँगै रमाई रहेका छन्,
अक्वारियमको माछा जस्तै,
आफू हुनुको भ्रम पालिरहेका छन् ।
मान्छेहरुनै मान्छे हुँ भनेर भ्रमको बर्कोमा रमाएका बेला
तिमी अक्वारियममा कैद माछालाई के बल्छी हानिरहनु ?
के तिमलिाई तिमी को हौ भनेर सोधिरहनु ?
बरु सोधेर हेर एक पटक तिमीजस्तै मान्छेहरुलाई,
भनि हेर, ओ मान्छे तिमी के साँच्चै मान्छेनै हौ ?

## श्रम र सफलता



**शिदेस खड्गी**

*कक्षा : ९, नवोदय शिशु सदन*

श्रम नै हो कलम
पुस्तकको जहाँ सफलताले
भरिपूर्ण हुन्छ संसार
जहाँ भरिपूर्ण हुन्छ चाहना

श्रम नै हो ती पाइला
सफलतासम्म पुग्नका लागि
श्रम नै हो त्यो भऱ्याङ

श्रम नै ती अक्षर
सफलताको खाली किताबको
श्रम नै हो ती कदम
त्यो दुःख खोल्न

श्रम बिना सफल हुँदैन
श्रम बिना चाहाना पूरा हुँदैन
बस् अधुरा हुन्छन्
ती सपना
बस अधुरो हुन्छ
त्यो सफलताको पुस्तक

## नेपाल



**यश नेपाल**

*कक्षा : ९, नवोदय शिशु सदन*

मेरो मातृभूमि हो नेपाल
नेपालमा छ फेवा ताल
नेपालको प्रकृति छ राम्रो
नेपाल देश हो हाम्रो


नेपामला छ सगरमाथा
नेपाल आमा सबैको माता
नेपालीको छ रगत रातो
नेपालको छ मलिलो माटो

नेपालमा छ धेरै खोलनालाा
विश्वको राम्रो देश नेपाल नै होला
नेपाल हो मेरो देश
नेपालमा छ धेरै भाषा र भेष

**स्वास्थ्य/सौन्दर्य**

# स्वस्थ जीवनका लागि सन्तुलित आहार

अधिकांशको भोक मेटाउन जतिबेला जुन खाना भेट्यो त्यही खाने धेरैको बानि हुन्छ । कुन परिकार कतिबेला खाँदा के फाइदा र के बेफाइदा हुन्छ भन्ने ज्ञान धेरैमा हुँदैन । खानेकुराको मामिलामा पोषण विज्ञहरूसँग राय, सुझाव लिने चलन पनि हामीकहाँ छैन । पोषण विज्ञहरूका अनुसार खाना खाने समय मिलाउँदा शरीरलाई फाइदा पुग्छ भने उल्टोपाल्टो पर्दा बेफाइदा हुन्छ ।




**कुन खानेकुरा कुन समयमा खाँदा उपयुक्त ?**

**भात**

राति भात खानु ठीक होइन भन्ने कतिपयको बुझाइ छ, तर राति भात खानु राम्रो हुने पोषणविज्ञहरू बताउँछन् । भात छिटो र राम्रोसँग पच्छ, जसले गर्दा राति निद्रा पनि राम्रो लाग्छ । यद्यपि राति थोरै भात खानुपर्छ । बिहान र बेलुका दुबै छाक भात खानुचाहिँ ठीक होइन । यसले मधुमेह बढाउन सक्छ ।

**दही**

दही खाने उत्तम समय दिउँसो हो । दिउँसो दही खाँदा पेट पनि दुरुस्त रहन्छ । राति दही खानु हुँदैन । राति दही खाँदा रुघाखोकी तथा कफको समस्या सिर्जना हुनसक्छ ।

**चिनी**

चिनी पनि दिउँसो नै खानु उपयुक्त हुन्छ । राति गुलियो खाँदा मधुमेहको खतरा वृद्धि हुन्छ । राति चिनी खाँदा राम्रोसँग निद्रा नलाग्न सक्छ ।

**ओखर**

राति सुत्नुअघि स्न्याक्सका रूपमा ओखर खानु उपयुक्त हुन्छ । यसले शरीरमा मेलाटोनिन हार्मोन बनाउने काम गर्छ । मेलाटोनिनले राम्रो निद्रा लगाउँछ ।

**केरा**

व्यायामपछि केरा खाँदा राम्रो ऊर्जा प्राप्त हुन्छ । केरा पनि दिउँसो खानु राम्रो मानिन्छ । दिउँसो खाएको केराले लामो समयसम्म भोक लाग्न दिँदैन । सुत्नुअघि केरा खानु उपयुक्त हुँदैन, राति केरा खाँदा चिसो लाग्ने सम्भावना हुन्छ ।

**दाल**

बिहान र दिउँसोको खानासँग दाल खानु राम्रो हो । दिउँसो दाल खाँदा राम्रोसँग पच्ने र पेटमा ग्यास भरिने खतरा हुँदैन । राति भने सकेसम्म दाल खानु हुँदैन, किनभने दाल छिटो पच्दैन ।

**चिज**

चिज बिहान खानु राम्रो मानिन्छ । साँझ वा राति चिज खाँदा पचाउन गाह्रो हुन्छ भने शरीरको तौल बढ्ने जोखिम वृद्धि हुन्छ ।

**दूध**

दूध राति पिउनु उपयुक्त हुन्छ । सुत्नुअघि दूध पिउँदा राम्रो निद्रा लाग्छ । त्यसो त दूध जुनसुकै बेला पनि पिउन सकिन्छ ।

**कफी**

कफी बिहान पिउनुपर्छ । बिहान पिइएको कफीले शरीरलाई ऊर्जा प्रदान गर्छ भने निद्रासमेत लाग्न दिँदैन । साँझ ७ बजेपछि कफी पिउनु हुँदैन किनभने त्यसले निद्रालाई प्रभावित तुल्याउँछ ।

# गर्मीमा नरिवलको पानी सेवनका फाइदा

पोषक तत्वले भरिपूर्ण काँचो नरिवलको पानी स्वाद र स्वास्थको दृष्टिकोणले एकदमै फाइदाजनक छ । यसमा एन्टीब्याक्टेरियल गुण हुन्छ, जसले शरीरको रोग प्रतिरोधी क्षमतालाई बढाउँछ । नरिवलको पानीले रक्तसञ्चार प्रक्रियामा पनि सुधार ल्याउँछ । यसले रक्तचापको स्तर कम गर्नुको साथै मुटु र मुटुसम्बन्धी रोगको खतरा पनि कम गर्छ ।

यदि तपाईं आफ्नो तौल कम गर्न चाहनुहुन्छ भने आफ्नो आहारमा नरिवलको पानी पनि समावेश गर्नुहोस् ।

पोषक तत्व र भिटामिन जस्ता रिबोफाल्विन, नियासिन, थियामिन, पैंटोथेनिक एसिड, कोलाइन र फोलेट्सको कारण यसमा एन्टी-वायरल र एन्टी-ब्याक्टीरियल गुण हुन्छ, जसले शरीरको प्रतिरक्षा प्रणाली मजबुत बनाउँछ । चिकित्सकहरु महिलालाई गर्भावस्थामा नरिवलको पानी पिउन सल्लाह दिन्छन् किनभने यसले कब्जियत, शरीरको जलन, पाचनतन्त्रको गडबडीलाई भगाउन मद्दत गर्छ ।

# हल्लाको खण्डन प्रयासमा श्रृंखला

साझाकुरा संवाददाता



हेटौंडा, १५ असार /हेटौंडा निवासी पूर्वमिस नेपाल श्रृंखला खतिवडा अमेरिकामा पढाइ सकेर स्वदेश फर्किएकी छन् । हार्वर्ड विश्वविद्यालयमा सहरी योजना विषयमा स्नातकोत्तर सकेकी उनी एक महिनाअघि काठमाडौं फर्किएकी हुन् ।

जहाँ भए पनि श्रृंखलालाई गसिपले पछ्याउन छाड्दैन । उनको निजी र व्यावसायिक जीवन सधैं हाइलाइटमा रहने गर्छ । नेपाल फर्किएपछि पनि श्रृंखला सामाजिक सञ्जालको केन्द्रमा छिन् । यसबीच शुक्रबार उनले इन्स्टाग्राममा लामो स्टाटस पोस्ट गर्दै आफूलाई लिएर चलिरहेका हल्लालाई खण्डन गर्ने प्रयास गरेकी छन् । खतिवडा वैवाहिक जीवन सुरु गर्ने सुरसारमा छिन् । कान्तिपुर पब्लिकेसनका सम्भव सिरोहियासँगको अफेयरलाई मूर्तरुप दिँदै उनले चाँडै लगनगाँठो कस्न लागेको समाचारहरु मिडियामा आइरहेका छन् ।

आफ्नो विवाह र प्रेमको प्रशङ्गमा श्रृंखला स्वयं भने पूर्ण रुपमा मौन छिन् । न परिवारजनबाटै कुनै जानकारी दिइएको छ । केही दिनअघि सम्भवका भाइ अनुभवको इंगेजमेन्टमा श्रृंखला सम्भवकी जोडीका रुपमा उपस्थित भएपछि बल्ल उनीहरुको सम्बन्धले आधिकारिता पाएको हो । सिरोहिया परिवारको पारिवारिक तस्वीरमा उनी अटाएकी थिइन् । श्रृंखला यसअघि लामो समयसम्म झ्लगर सिसन बानियाँसँग प्रेममा थिइन् । सिसनसँग ब्रेकअपपछि उनी सम्भवसँग नजिकिएकी हुन् । सिसन-श्रृंखलाको प्रेम सामाजिक सञ्जालमा छताछुल्ल थियो । तर, सम्भव-श्रृंखलाको प्रेम गोप्य छ ।

सामाजिक सञ्जालमा भने श्रृंखलाको विवाहको प्रसंग हटकेक बनिरहेको छ । उनको विवाहलाई लिएर पूर्वप्रेमी सिसन बानियाँ ट्रोलको शिकार भइरहेका छन् । सिसन र श्रृंखलाका पुराना भिडियोहरु टिकटकमा हालेर दुवैलाई जिस्काउने काम भइरहेको छ । सम्भवत: यही प्रवृत्तिबाट आजित भएर श्रृंखलाले आज आफ्नो इन्टाग्राममा सामाजिक सञ्जालप्रति दु:खेसो पोखेकी छन् ।

आफ्नो डेलीलाइफको एउटा भिडियो बनाएर पोस्ट गर्दै श्रृंखलाले शब्दहरुमा आफूलाई पोखेकी हुन् । श्रृंखलाले भनेकी छन्, 'मेरो वास्तविक जीवन यति पूर्ण कहिल्यै भएको थिएन । अफसोस्, सामाजिक सञ्जाल भने मेरो जीवन जस्तो भएन । धन्न म कृतज्ञ छु, कम्तिमा म मेरो सामाजिक सञ्जाललाई चाहेको बेलामा लगआउट गर्न सक्छु ।',

# बकैयामा किसान महासंघको धान दिवस कार्यक्रम




साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ जिल्लाको पूर्वीक्षेत्रस्थित बकैया गाउँपालिकामा नेपाली कांग्रेस निकट नेपाल किसान महासंघ बागमती प्रदेश समिति र जिल्ला तदर्थ समितिको आयोजनामा २० औं धान दिवसको अबसर पारेर कार्यक्रम गरिएको छ ।

बागमती प्रदेशका खानेपानी उर्जा तथा जलश्रोतमन्त्री तीर्थबहादुर लामाको प्रमुख आतिथ्यतामा महासंघद्वारा बकैयाको ५ नम्बर वडामा धान दिवसको अबसर पारेर कार्यक्रम गरिएको हो । बकैया गाउँपालिका अध्यक्षसमेत रहेका धर्मराज लामिछानेको खेतमा धान रोपेर दिवस मनाइएको हो । मन्त्री लामाले कृषि क्षेत्रको विकासबाटै मुलुकमा समृद्धि आउने बताए । उनले कृषि क्षेत्रको विकासमा प्रदेश सरकारबाट पर्याप्त बजेट पारिएको दाबी गरे । आगामी दिनमा पनि कृषिलाई प्राथमिकता दिएर बजेट बिनियोजन गर्ने उनको भनाई छ ।

नेपाल किसान महासंघ बागमती प्रदेश अध्यक्ष मीरा स्याङ्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठ, प्रदेशसभा सदस्य संमिता खड्गी, कांग्रेस हेटौंडा उपमहानगरका पूर्वसभापति आनन्दराम पराजुली, निवर्तमान गाउँपालिका अध्यक्ष दामोदार खनाललगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रमका अतिथिहरुले किसानका परिवार राजा भएको कथा सुनाउँदै जुनसुकै ओहोदामा पुगेपनि कृषि र किसानलाई कहिल्यै बिर्सिन नहुने बताएको महासंघ मकवानपुरका सचिव साधुराम कठायतले जानकारी दिए । मन्त्रालयमा किसानको कुरा नै नसुन्ने गतिविधि गर्न नहुने सहभागीले गुनासो राखेका थिए ।

# मनहरीका उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय पुरस्कृत

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ मनहरी गाउँपालिकाका उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय पुरस्कृत भएका छन् । शुक्रबार उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालयलाई सम्मान तथा पुरस्कार वितरण कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा गत शैक्षिक सत्र २०७८ मा मनहरी गाउँपालिकाकै उत्कृष्ट नतिजा ल्याएर माध्यमिक शिक्षा परीक्षा (एसइइ) मा उत्तीर्ण भएका एक छात्र र एक छात्रालाई पुरस्कार सहित सम्मान गरिएको थियो । पुरस्कृत हुनेहरुमा बालजीवनज्योति मावि मकरीका नम्रता भण्डारी र राष्ट्रिय रोटरी माविका विकास बानियाँ रहेका छन् ।

यस्तै गाउँपालिकाले मनहरी-१ चकरीको प्राथमिक विद्यालयलाई रु ५० हजार, मनहरी-३ को प्रजा आधारभूत विद्यालयलाई रु १ लाख, मनहरी-१ बालजीवनज्योति माविलाई रु १ लाख ५० हजार र मनहरी-२ को सीता माविलाई रु २ लाख पुरस्कार सहित सम्मान गरेको छ । २०७८ को एसइइमा उत्कृष्ठ जीपीए ल्याउने सबै बिषय शिक्षकहरुलाई नगद ५५ सय रुपैयाँसहित प्रशंसापत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि एवं गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीले राम्रालाई पुरस्कृत गर्दै प्रोत्साहन गरिएको बताए । उनले भने-जबसम्म राम्रालाई उर्जा दिन सक्दैनौं तबसम्म कमजोरलाई पनि आत्मवल मिल्दैन । त्यसैले आगामी दिनमा सबै अझ उत्कृष्ट प्रतिफल ल्याउन लागि पर्नुहोस् ।

कार्यक्रमका सभाअध्यक्ष एवं सामाजिक विकास समिति संयोजक अनन्तप्रकाश अर्यालले आगामी दिनमा थप हौसलामूलक पुरस्कार र राम्रो शैक्षिक वातावरण मिलाइने जानकारी दिए । आफ्नो कार्यकालमा सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्ने उनको भनाई छ । गाउँ शिक्षा समितिका सदस्य तथा पशुपतिनाथ मावि ब्यवस्थापन समितिका अध्यक्ष माधव गौतमले सकारात्मक कामको सुरुवात भएको बताए ।

समितिका सदस्य ध्रुब सुनार, बालजीवनज्योति माविका प्रअ एकराज गौतमले पालिकाले विद्यालय नेतृत्व गर्ने प्रधानाध्यापक, विब्यस, पीटीए संयोजकहलाई पनि उर्जा प्रदान गर्न हौसला दिनु पर्ने बताए । कार्यक्रममा शिक्षा शाखाप्रमुख हरिचन्द्र सापकोटाले स्वागत मन्तव्य राखेका थिए । गाउँपालिकाका स्रोतशिक्षक पूर्णभद्र भुषालले सहजीकरण गरेको कार्यक्रममा विभिन्न विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुको उपस्थिति रहेको थियो ।

# बंशगोपाल दुग्ध सहकारीद्वारा किसानसँग छलफल

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ पशुहरुमा लाग्ने विभिन्न प्रकारका रोगहरुको बारेमा जानकारी दिनुको साथै रोगबाट बच्न अपनाउनु पर्ने विधिको विषयमा जनचेतना जगाउने उद्धेश्यले एकदिने अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको छ ।

हेटौंडा-६, चौघडामा रहेको बंशगोपाल दुग्ध उत्पादक सहकारी संस्था, कृषक हितकोष, पशुधन संरक्षण समितिको आयोजनामा अन्तरक्रिया आयोजना गरिएको हो । कार्यक्रममा पशु प्राविधिक उत्तमलाल दास, शिखर इन्स्योरेन्स मकवानपुर प्रमुख प्रमोद पोखरेल, संस्थाका ब्यवस्थापक लक्ष्मण सापकोटा लगायतले सहजीकण गरेका थिए । कार्यक्रममा पछिल्लो समयमा ब्यापकरुपमा देखापरेको लम्पीस्कीन, भ्याकुते, नाम्ले, चरचरे लगायत रोगको बारेमा जानकारी गराइएको थियो ।

दुग्ध विकास बोर्ड बागमती प्रदेशका सदस्य बासुदेव अधिकारीको प्रमुख आतिथ्यता एवम कृषक हितकोषका संयोजक रामहरि चौलागाईको सभाध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा संस्थाका उपाध्यक्ष केशव धिताल, सञ्चालक सदस्य सूर्यप्रसाद दुलाल, रामप्रसाद गौतम, रामकुमारी देवकोटा, रुद्रकुमारी सापकोटा, दुग्ध उत्पादक किसानहरुको सहभागिता रहेको थियो ।

# जलविद्युतमा दक्षिणको जगजगी



काठमाडौं/भारत पछिल्ला दिनमा १ हजार ६१ मेगावाटको माथिल्लो अरुण जलविद्युत् आयोजना निर्माणको जिम्मा आफूलाई दिलाउन नेपाल सरकारसँग निरन्तर पहलमा छ । भारतको प्रस्ताव अनुसार माथिल्लो अरुण भारतीय सरकारी कम्पनी सतलज विद्युत् निगमले पाए अरुण बेसिनमा भारतले बनाउने यो चौथो ठूलो आयोजना हुनेछ । तर, नेपाल विद्युत् प्राधिकरणले आफैं बनाउने अडान लिएर अन्यत्रैबाट विदेशी लगानी जुटाउने बताइरहेकाले सरकारले अहिलेसम्म निर्णय गर्न सकेको छैन ।

माथिल्लो अरुण पाएमा भारतले चीनको सीमा क्षेत्र नजिक बन्ने किमाथांका अरुण जलविद्युत् परियोजनामा पनि दाबी गर्ने अवस्था बन्नेछ । अरुण तेस्रो जलविद्युत् आयोजनाको बिजुली लैजान अरुण बेसिनसम्म प्रसारण पूर्वाधार बनाएकाले भारत सो क्षेत्रमा उत्पादन हुनसक्ने जलविद्युत् आयोजनामा आफ्नो पहुँच कायम राख्न चाहन्छ ।

भारतको जोड अरुण नदीमा बन्ने आयोजनाहरूमा मात्रै छैन, तमोर नदीमा बन्ने परियोजनामा पनि ऊ प्रवेश गर्न चाहन्छ । तमोर जलाशययुक्त परियोजना आफैंले बनाउन भारतीय कम्पनी इच्छुक छ । भारतको यही इच्छालाई बल दिने गरी लगानी बोर्ड नेपालले गएको १४ जेठमा ६७९ मेगावाटको तमोर जलाशययुक्त आयोजनाको जिम्मा लिएको 'पावर चाइना' लाई सम्झौता अनुसार निर्माण अघि बढाउन नसक्नुको कारण सोधेको छ । चित्तबुझ्दो जवाफ नदिए यसबाट चिनियाँ कम्पनी बाहिरिनेछ ।

२६ असोज २०७६ मा चिनियाँ राष्ट्रपति सी जिन फिङ नेपाल भ्रमणका क्रममा नेपाल सरकारको लगानी रहेको 'हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी' (एचआईडीसीएल) र पावर चाइना बीच ७४ प्रतिशत चिनियाँ लगानीका लागि सम्झौता भएको थियो । सो सम्झौता अनुसार कुनै काम नभएपछि पावर चाइना मार्फत लगानी ल्याएर आयोजना बनाउन नसकिने भएपछि सम्झौता भंग गर्न चाहेको एचआईडीसीएलका प्रमुख कार्यकारी अधिकृत अर्जुनकुमार गौतम बताउँछन् ।

'यो लुकेको विषय हैन कि अहिले चिनियाँ कम्पनीसँग मिलेर बनाएको परियोजनाको बिजुली भारतले किन्दैन, अहिले चीन पनि जान सक्दैन' गौतम भन्छन्, 'वित्तीय र आर्थिक जोखिम मोलेर परियोजना बनाउन सकिंदैन भनेर पावर चाइनासँगको सहकार्यलाई निरन्तरता दिन नसक्ने बताएका हौं ।'

पछिल्ला वर्षमा नेपालको जलविद्युतमा भारतका निजी कम्पनीको समेत चासो बढ्दो छ । भारतीय प्रधानमन्त्री मोदी निकट भारतीय उद्योगी गौतम अडानीको अडानी ग्रुपले नेपालको जलविद्युत् र विद्युत् पूर्वाधारको क्षेत्रमा लगानी गर्न चासो देखाइरहेको छ ।

अडानी ग्रुपले नेपालमा ठूला जलविद्युत् परियोजना, अन्तरदेशीय प्रसारणलाइन र आन्तरिक प्रसारण लाइनहरूमा लगानी गर्न प्रस्ताव गरेको छ । हरित ऊर्जामा ७० अर्ब डलर लगानी गर्ने घोषणा गरेको अडानी ग्रुप भारतमा विद्युत् उत्पादन र प्रसारणलाइनको पूर्वाधारमा लगानी गरेर अनुभव बटुलेको कम्पनी हो ।

अडानी ग्रुपको ध्यान मुख्यतया कर्णाली बेसिनको आयोजनाहरूमा छ । पहिलो चरणमा अडानी ग्रुपले कम्तीमा १ हजार देखि २ हजार मेगावाटसम्मका परियोजनामा लगानी गर्न चाहिरहेको ऊर्जा मन्त्रालय स्रोतले बतायो । १० हजार मेगावाटको कर्णाली चिसापानी आयोजनामा अडानी ग्रुपको विशेष चासो छ ।

तर, नेपाली अधिकारीहरूले कर्णाली जलाधारकै आयोजनाहरूमा लगानी गर्न सुझाव दिएका छन् । 'ठूला आयोजनामा हात हाल्नुअघि ४४० मेगावाटको तिला-१ र ४२० मेगावाटको तिला-२ जस्ता आयोजनामा लगानी गर्न सकिने राय दिएका छौं', ऊर्जा मन्त्रालयका एक अधिकारी भन्छन्, 'तर ठोस प्रस्ताव सहित छलफल भने भएको छैन ।'

ऊर्जा मन्त्रालयका अधिकारीहरूले अडानी ग्रुपका लागि १ हजार ९०२ मेगावाटको मुगु कर्णाली लगायतका आयोजनालाई पनि सम्भाव्य भनेका छन् । अडानी ग्रुपले भारतसँग जोडिने ४०० र ६०० केभी तथा त्यसभन्दा बढी क्षमताका प्रसारण लाइनमा लगानी गर्न अन्तरदेशीय प्रसारण लाइन बनाउन पनि चासो देखाएको छ ।

यदि प्रस्ताव अनुसार भारतका ठूला व्यापारिक समूह नेपालको जलविद्युत् विकासकर्ताका रूपमा आए भने भारतका सरकारी र निजी कम्पनीहरूबीच ठूला आयोजनाहरू बनाउन होड नै चल्नेछ ।

विद्युतमा भारतीय प्रभुत्व

एक दशकअघिसम्म नेपालको जलविद्युत् विकासमा भारत सहयोगी मात्रै थियो । भारतले २४ मेगावाटको त्रिशूली र १५ मेगावाटको देवीघाट आयोजना बनाउन नेपाललाई अनुदान सहयोग गरेको थियो ।

ऊर्जा मन्त्रालयका पूर्वसहसचिव प्रवीणराज अर्यालका अनुसार, ६० को दशकसम्म नेपालका धेरै जलविद्युत् आयोजनाको सर्वेक्षण लाइसेन्स भारतका जीएमआर, भिलवाडा, टाटा पावर, एभेस्ट पावर, एससी पावर, पीईएस जस्ता निजी जलविद्युत् कम्पनीहरूको पोल्टामा थियो । नेपालले चरम ऊर्जा संकट भोगिरहेकाले त्यतिबेला भारतमा बिजुली बेच्ने कल्पना गर्न सकिने अवस्था थिएन । प्रसारण पूर्वाधार र बजार अभावसहित आयोजना नबनाई लाइसेन्स होल्ड गर्न नदिने सरकारी नीतिका कारणले भारतीय कम्पनीहरू बिदा हुँदै गएको पूर्वसहसचिव अर्याल सम्झिन्छन् ।

नेपालमा ऊर्जा संकट गहिरिएका बेला भारतसँग ४ कात्तिक २०७१ मा ऊर्जा व्यापार सम्झौता (पीटीए) भएको थियो । सम्झौतामा भारत र नेपालबीच ऊर्जा व्यापार र लगानीमा नियमित छलफल गर्न संयन्त्रहरू बनाउने सहमति भयो । यसका कारण दुई देशबीच ऊर्जा सहकार्य पनि बढ्दै जान थाल्यो । त्यसका बलमा दुई देशबीचका विद्युत् प्रसारण पूर्वाधारहरू थप्ने र स्तरोन्नति गर्ने काम भयो ।

अहिलेसम्म भारतसँग मात्रै विद्युत् आदानप्रदान र बिक्रीका लागि ४०० केभीको भन्दा सानो क्षमताका ११ वटा अन्तरदेशीय प्रसारण लाइन बनिसकेका छन् । तीन वर्षअघिदेखि ४०० केभीको ढल्केबर-मुजफ्फरपुर प्रसारण लाइन पनि सञ्चालनमा छ भने ढल्केबर-सीतामढी, न्यू-बुटवल-गोरखपुर, इनरुवा-पूर्णिया र लम्की-बरेली ४०० केभीका अन्तरदेशीय प्रसारण लाइनहरू पनि निर्माण अघि बढाउन लागिएको छ ।

अमेरिकी सरकारको सहयोगमा बन्ने ३१५ किलोमिटरको प्रसरणलाइन पनि भारतमा बिजुली बेचनकै लागि लक्षित गरेर ५५ अर्बभन्दा बढी लगानीमा बनाइँदैछ । एमसीसीको यो परियोजना बनेपछि मध्य तथा पश्चिम नेपालका विभिन्न नदी बेसिनका परियोजनाको बिजुली भारतमा बेच्न ठूलो मार्ग तयार हुनेछ ।

यही अवस्थालाई हेरेर भारतबाट जलविद्युतमा लगानी झांगिन थालेको हो । भारतबाट नेपालमा जलविद्युतमा प्रत्यक्ष विदेशी लगानी भित्रिन थालेको भने धेरै भएको छैन । भारतले अरुण तेस्रोबाट नेपालको जलविद्युत् क्षेत्रमा ठूलो लगानी गर्न थालेको थियो । लगानीका लागि तयार भएको विश्व बैंकलाई बिदा गर्दै सरकारले १० मंसिर २०७१ मा परियोजना विकास सम्झौता (पीडीए) गरेर अरुण तेस्रो भारतलाई सुम्पिएको थियो । त्यही सम्झौता अनुसार भारतको सरकारी कम्पनी सतलज विद्युत् निगमले अहिले ९०० मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजना बनाइरहेको छ ।

२०७८ चैतमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा भारत भ्रमण गरेर फर्किएपछि नेपालका ठूला जलविद्युत् परियोजनाहरू धमाधम भारतीय कम्पनीले हात पार्ने क्रम तीव्र हुँदै गएको छ । तत्कालीन प्रधानमन्त्री देउवाको सो भ्रमणको क्रममा ६ बुँदामा 'ऊर्जा सहकार्य सम्बन्धी संयुक्त दृष्टिकोण पत्र' मा हस्ताक्षर भएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# धान-चामल आयातमा लाग्यो 'ब्रेक'

काठमाडौं/लामो समयपछि नेपालमा धान चामल आयात ठूलो परिमाणले घटेको छ । सरकारी तथ्याङ्कअनुसार गत वर्षको तुलनामा चालु आर्थिक वर्षको जेठसम्म ४४ करोड ७५ लाख किलो कम धान चामल र कनिका आयात भएको पाइएको हो । आयात परिमाण घटेसँगै धान चामलका लागि विदेशिने रकमसमेत ११ अर्ब ६६ करोड रुपैयाँले घटेको छ ।

चालु आर्थिक वर्षको जेठसम्म नेपालमा ३३ अर्ब ६३ करोड ४७ लाख रुपैयाँको ७२ करोड ४५ लाख किलो धान चामल र कनिका आयात गरेको छ । गत वर्ष यसै अवधिमा ४५ अर्ब २९ करोड ७५ लाख रुपैयाँबराबरको १ अर्ब ०८ करोड किलो धान चामल नेपाल भित्रिएको थियो ।

**चामल आयातमा ठूलो गिरावट**

भन्सार विभागका अनुसार यस अवधिमा चामलको आयातमा ठूलो गिरावट आएको छ । गत वर्षको ११ महिनाको तुलनामा चामलको आयात १४ अर्ब ६ करोड रुपैयाँभन्दा बढीले घटेको हो ।

गत वर्ष जेठसम्म २८ अर्ब ५० करोड रुपैयाँभन्दा बढीको ५३ करोड किलो चामल नेपाल भित्रिएकामा चालु आवको जेठसम्म १४ अर्ब ४४ करोड रुपैयाँ बराबरको २० करोड ८९ लाख किलो मात्रै चामल नेपाल भित्रिएको छ । परिमाणका हिसाबले चामलको आयात गत वर्षको तुलनामा ३२ करोड ९७ लाख किलो भन्दा धेरैले घटेको देखिन्छ ।

**धान आयात उस्तै, बिउ आयात घट्यो**

विभागका अनुसार चामलसँगै धानको बिउको आयात पनि घटेको छ । गत वर्षको तुलनामा धानको आयात भने करिब करिब उस्तै देखिएको छ । यस अवधिमा १८ अर्ब ९० करोड रुपैयाँ बराबरको ५० करोड ६७ लाख किलो धान नेपाल भित्रिएको छ । गत वर्ष १६ अर्ब ७९ करोड रुपैयाँका धान नेपाल भित्रिएको थियो । यस्तै, चालु आवमा ७५ करोड ६३ लाखको धानको बिउ आयात गरेको छ । गत आवमा ८७ करोड ५ लाख को बिउ आयात भएको थियो ।

यस्तै कनिकाको आयातमा पनि गिरावट आएको छ । चालु आवमा २८ अर्ब ३० करोडको ८८ लाख किलो भन्दा धेरै कनिका आयात भएको छ । गत आवको यसै अवधिमा एक अर्ब ३८ करोड रुपैयाँको ४ करोड ५६ लाख किलो कनिका आयात भएको थियो ।

आर्थिक वर्ष २०७६/७७ मा नेपालले ३३ अर्ब ६५ करोडको धान-चामल आयात गरेको थियो । आव २०७७/७८ मा ५० अर्ब ७८ करोडको धान चामल आयात भएकामा आव २०७८/७९ मा ४६ अर्ब ५७ करोड रुपैयाँको धान-चामल आयात भएको थियो ।

**किन घट्यो आयात ?**

चालु आर्थिक वर्षमा नेपालको आयात नै १६ प्रतिशतले घटेको छ । धान-चामलको आयात तुलनात्मक रुपमा धेरैले घट्नुमा भारतको व्यापार नीति प्रमुख कारण भएको व्यवसायीहरू बताउँछन् ।

नेपाल धान-चामल संघका अनुसार भारतले धान र चामल निर्यातमा २० प्रतिशत भन्सार महसुल लगाउने निर्णय गरेपछि नेपालमा आयात घटेको हो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा
"तपाई, हामी सबैको कुरा"
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा
राष्ट्रिय दैनिक
वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com



# किसानको राष्ट्रिय पर्व: धान दिवस २०८०






कृषिप्रधान मुलुक भनेर चिनिने नेपालका ग्रामीण क्षेत्रका किसान्लाई यतिबेला मानो रोपेर मुरी फलाउने चटारो परेको छ । सरकारले धान दिवस मनाउन थालेको १९ वर्ष भयो तर, धान दिवसको रौनकता केवल सहरी क्षेत्रमा मात्र देखिन्छ । ग्रामीण क्षेत्रमा धान रोप्ने जनशक्ति अभाव हुँदै गएका कारण मेलापर्म, ज्यालादारीमा खेतीपाती गर्नुपर्ने अवस्था छ । धान दिवसले खेतमा पसिना बगाउने असली किसानको पसिनाको सम्मान गर्न सकेको छैन । थाहा नगरपालिका,मकवानपुरगढी, राक्सिराङ, मनहरी, बकैया, बागमती, कैलाश, भीमफेदी गाउँपालिकाका किसान धान रोप्ने कार्यमा ब्यस्त छन् । तस्बिर: *साझाकुरा*

## मकवानपुरगढीमा थाहासञ्चारद्वारा धान दिवस मनाइयो

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ रेडियो थाहासञ्चार ९९.६ मेघाहर्ज हेटौंडाले मक्वानपुरगढी गाउँपालिकामा २० औं राष्ट्रिय धान दिवस मनाएको छ ।

बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सहकार्य तथा महिन्द्रा एग्रो सोलुशन्सको सहयोगमा रेडियो थाहासञ्चार हेटौंडाले मकवानपुर जिल्लाकै सबैभन्दा बढी धान उत्पादन हुने मकवानपुरगढी गाउँपालिकामा गाउँपालिका प्रमुख, वडाअध्यक्षसहित सयौं जनाको सहभागितामा स्थानीय किसानको खेतमा सामूहिक धान रोपेर दिवस मनाएको हो । रेडियो थाहासञ्चार हेटौंडाका स्टेशन म्यानेजर गोकुल अधिकारीको सभाध्यक्षतामा भएको रोपाई कार्यक्रममा मकवानपुरगढी गाउँपालिका प्रमुख दोर्जे लामाको प्रमुख आतिथ्यता रहेको थियो ।



हिलोमा धान रोप्न खेतमा पुगेका पालिका अध्यक्ष लामाले मकवानपुरगढीको समृद्धिको आधार नै कृषि भएको बताएका छन् । उनले गाउँपालिकामा हाल १४ सय हेक्टर जमिनमा धानखेती हुने गरेको बताए । अघिल्लो वर्षहरुमा २ हजार हेक्टर जमिनमा धानखेती हुने भएपनि अहिले धानखेती कम हुँदै गएको दुखेसो पोखेक छन् । पालिका अध्यक्ष लामाले पालिकामा वर्षेनी ६५ हजार मेट्रिकटन धान उत्पादन भइरहेको बताउँदै उपभोग गरे बाँकी रहेको धान बिचौलीयाको हातमा नभई सिंधै उपभोक्तालाई बिक्री गर्न सकिने बताए ।

जसका लागि गाउँपालिकाले पनि सहयोग गरिरहेको उनले बताए । अध्यक्ष लाामाले पछिल्लो समय धान खेतीमा कमी आइरहेको भन्दै जमिन बाँझो नराख्न किसानलाई आग्रह गरेका छन् । मकवानपुरगढी गाउँपालिका वडा नम्बर-५ का अध्यक्ष दिपेश दाहालले कृषिको माध्यमबाट समग्र पालिकाको समृद्धिको आधार तय गरेको र यान्त्रीकरणको वडाले पनि बजेटको व्यवस्था गरेको बताए । उनले प्रविधिको प्रयोग गरी कृषिलाई व्यावसायीकरण गरेर अघि बढे मात्र किसानले यसबाट लाभ लिन सक्ने बताउँदै यान्त्रिकरणका लागि किसानलाई बिशेष अनुदानको व्यवस्था गरिएको बताए ।

रोपाईं कार्यक्रममा महिन्द्रा एग्रो सोलुशन्सको प्रतिनिधि दावा लामा तितुङ, बुङ्दल सामुदायिक बन उपभोक्ता समितिका अध्यक्ष चन्द्रप्रसाद दुलाल, मकवानपुरगढी-५, स्थित आधारभूत विद्यालयका प्रधानाध्यापक प्रल्हाद घिमिरे लगायतको आतिथ्यता रहेको थियो । मकवानपुरगढी गाउँपालिका-५ सिमलटार, धादिङ फाँटमा भएको रोपाईमा दहीचिउरासमेत खाएर कार्यक्रमको समापन गरिएको थियो ।

## रोटरी क्लव अफ मकवानपुरमा पराजुली



साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/रोटरी क्लव अफ मकवानपुरको अध्यक्षमा अन्जनीकुमार पराजुली पदस्थापित भएका छन् ।

शुक्रवार भएको क्लवको नवौं पदस्थापन कार्यक्रममा पराजुली अध्यक्षमा पदस्थापित भएका हुन् । उनलाई रोटरीका निवर्तमान अध्यक्ष कृष्णबहादुर कार्कीले अध्यक्षको माला हस्तान्तरण गर्दै अध्यक्षमा पदस्थापित गराएका हुन् । पराजुलीले प्रेसिडेन्ट इलेक्टमा अनिल अग्रवाल, प्रेसिडेन्ट नोमिनीमा बिजयकुमार श्रेष्ठ, उपाध्यक्ष भजकृष्ण गोपाली, सचिव मनोज ढोडारी, कोषाध्यक्ष पवन तिमल्सिना, सहसचिव सर्वेन्द्र पौडेल, सहकोषाध्यक्ष बिज्ञान रिमाल लगायतलाई मनोनीत गरेका छन् । उनले आफ्नो कार्यकालमा विभिन्न कार्य गर्ने प्रतिबद्धता जनाए ।

हेटौंडा उपमहानगर पालिका उपमेयर राजेश बानियाँको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा रोटरीका सर्भिस प्रोजेक्ट चेयर रन्जिप श्रेष्ठ, रोटरी क्लव अफ मकवानपुरका पूर्वअध्यक्ष कविन सांगामी, रोटरी क्लव अफ हेटौंडाका अध्यक्ष सुयसराज पराजुली, रोटरी क्लवका एजी रामप्रसाद शर्मालगायतले मन्तव्य व्यक्त गरेका थिए । उपमेयर बानियाँले रोटरी लगायतका सामाजिक संस्थासँग हातेमालो गरी काम गर्न तयार रहेको बताए ।

रोटरी जस्तै राजनीति पनि समाजसेवा भएको धारणा राख्दै उनले उपमहानगर रोटरीको साथमा रहेको बताए । कार्यक्रममा रोटरीका वर्ष सन् २०२२/२३ का अध्यक्ष कार्कीले आफ्नो कार्यकालमा सहयोग गर्नेहरुलाई मायाको चिनो प्रदान गरेका थिए । हेटौंडा उपमहानगरपालिका-१ का वडाअध्यक्ष सविन न्यौपाने, २ नम्बर वडाअध्यक्ष बिष्णुगोपाल महर्जन, ६ नम्बर वडाअध्यक्ष बिष्णुबहादुर दाहाल, १४ नम्बर वडाअध्यक्ष दीपक खड्का लगायतको आतिथ्यता रहेको थियो ।

## पालुङ जेसीजको एकैदिन दुई कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ थाहा नगरपालिकामा क्रियाशील संस्था पालुङ जेसीजले एकै दिन दुई कार्यक्रम सम्पन्न गरेको छ । जेसीजको आयोजनामा स्थानीय उत्पादनको बजार प्रबर्द्धनका लागि सहजीकरण गर्न अन्तरक्रिया कार्यक्रम र ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षणका साथै दहीचिउरा खुवाउने कार्यक्रम सम्पन्न गरेको हो ।

जेसीजले शुक्रबार थाहा नगरपालिका वडा नं. ३ मा क्रियाशील नमूना लघुउद्यमी महिला समूहको समन्वयमा स्थानीय महिलाले उत्पादन गरेका अचारलगायतका उत्पादनको बजार प्रबर्द्धन गर्नमा सहकार्यको लागि समन्वय गर्न अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको हो ।

जेसीजले स्थानीय क्षेत्रमा उत्पादन भएका हस्तकलाका सामग्री र खाद्यान्न सामग्रीको देशको बिभिन्न भागमा प्रचारप्रसार गरी प्रबर्द्धन गर्नको लागि आवश्यक तयारी गरेको पालुङ जेसीज बर्ष २०२३ का कानुनी सल्लाहकार निरज रायमाझीले बताए । थाहानगरमा उत्पादन भएका हस्तकलाका सामग्री र खाद्यान्न सामग्रीको जेसीजले आफ्नो कार्यक्रममा थाहानगरको चिनोस्वरुप र देशका बिभिन्न क्षेत्रमा बजारिकरणको लागि पहल गर्नको लागि अन्तरक्रिया आयोजना गरिएको पालुङ जेसीज बर्ष २०२३ का अध्यक्ष संगम कार्कीले बताए ।




पालुङ जेसीज बर्ष २०२३ का उपाध्यक्ष अजित कार्कीको संयोजकत्वमा भएको कार्यक्रममा अध्यक्ष कार्कीको माता दुर्गादेबी कार्कीको प्रमुख आतिथ्यता रहेको थियो । अन्तरक्रियामा थाहा नगर पालिका वडा नं. ३ की वडासदस्य एवं कार्यपालिका सदस्य पबित्रा ठकुरी कार्की, महिला समूहकी अध्यक्ष शान्ति तामाङ, पालुङ जेसीज बर्ष २०२३ का कोषाध्यक्ष माधव कार्की, कार्यकारिणी उपाध्यक्ष दीपा बल, अन्जय प्रधानलगायत समूहका सदस्यको सहभागिता रहेको थियो ।

यसैगरी शुक्रबार थाहा नगरपालिका वडा नं. ३ मा रहेको सीताराम ज्येष्ठ नागरिक दिवा सेवाकेन्द्रमा ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षणका साथै दहीचिउरा खुवाउने कार्यक्रम सम्पन्न भएको छ । थाहा नगरपालिका वडा नं १ मा रहेको संकल्प पोलिक्लिनिक र विङ युथ संस्थाको सहकार्यमा केन्द्रका २५ जना ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण गरिनुका साथै स्वास्थ्य परामर्श दिइएको पालुङ जेसीज बर्ष २०२३ का कानुनी सल्लाहकार रायमाझीले बताए ।

स्वास्थ्य परीक्षणका साथै दहीचिउरा खुवाउने कार्यक्रम पालुङ जेसीज बर्ष २००५ का अध्यक्ष सानोभाइ कार्कीको प्रमुख आतिथ्यतामा भएको थियो । पालुङ जेसीजका फेलोसिप संयोजक गणेश बिष्टको संयोजकत्वमा भएको कार्यक्रममा समाजसेवी भरत पराजुली, पालुङ जेसीजका निबर्तमान अध्यक्ष जयराम केसी, कानुनी सल्लाहकार निरज रायमाझी, कोषाध्यक्ष माधव कार्की, तालिम आयुक्त अनिता बिष्टलगायत बोर्डका पदाधिकारीको सहभागिता रहेको थियो ।

## धानको उत्पादन घटेर आयात बढेकोप्रति प्रमुख शर्माको चिन्ता

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले धानको उत्पादन घट्दै गएर आयात बढेकोप्रति चिन्त व्यक्त गरेका छन् ।

राष्ट्रिय अर्थतन्त्रमा धानको अत्यन्त महत्वपूर्ण योदान र हँदै आएको बताउँदै शर्माले स्वदेशमा धान उत्पादनका लागि सरकारले व्यवस्थित र प्रभावकारी योजना ल्याउनुपर्नेमा जोड दिए । शुक्रबार मनाइएको २० औं राष्ट्रिय धान दिवसका सन्दर्भमा शुभकामना सन्देश जारी गर्दै प्रदेशप्रमुख शर्माले कृषिका लागि प्रशस्त सम्भावना भएको देश नेपालमा धानलाई मुख्य खाद्य बालीका रुपमा लिइने बताउँदै यसको अर्थतन्त्रमा महत्वपूर्ण योगदान रहेको उल्लेख गरे । १५ असारको दिनलाई मानो रोपेर मुरी उब्जाउने महिनाको मध्येदिनका रुपमा पनि लिने गरेको भन्दै प्रमुख शर्माले विसं. २०२० को दशकसम्म नेपाल दक्षिण एसियामा सबैभन्दा बढी धान उत्पादन गर्ने देशका रुपमा परिचित रहेको उल्लेख गरेका छन् ।



'तर, विगत केही वर्षयता नेपालमा धानको आपूर्ति व्यवस्थापन गर्न सक्ने अवस्था हुँदाहुँदै पनि आयात बढिरहेको तथ्यांक छ ।', धानको उत्पादन घट्न गई आयात बढेकोप्रति प्रमुख शर्माको चिन्ता छ । 'खेतीयोग्य जमिन मासिदै र बाँझिदै गएको छ, जसबाट कृषिमा परनिर्भरता बढेको छ ।' शर्माले भनेका छन् । यसखालको अवस्था न्यूनीकरण गर्न धानको उत्पादन वृद्धि गर्नुपर्ने शर्माको भनाई छ । 'बाँझो रहेको हाम्रो जमिनमा खेती गर्नका लागि अभियान नै चलाईनुपर्दछ ।', उनले शुभकामनामा भनेका छन्, 'तराईका फाँटहरुमा धान उत्पादनलाई प्राथमिकता दिई किसानलाई यसप्रति आकर्षित गराउँनुपर्दछ ।',

नेपालको संविधानमा खाद्यलाई नागरिकको मौलिक हकका रुपमा व्यवस्था गरिएको उल्लेख गर्दै प्रमुख शर्माले नागरिकको यो हक सफलतापूर्वक कार्यान्वयन गर्न सरकारले दिगो खाद्य सुरक्षा कायम गर्ने विषयलाई प्राथमिकता राखी कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन् । उनले धानको पकेट क्षेत्र नै मानिएको नेपालमा प्रशस्त सिँचाई सुविधा विस्तार, धान बालीको अनुसन्धान र विकास,समयमै, बीऊ तथा मलको उपलब्धता, किसानलाई आधुनिक प्रविधिबारे ज्ञान तथा शीप प्रदान गर्ने काममा तीनै तहका सरकार तथा यससँग सम्बन्धित सरोकारवालाको ध्यान जानुपर्ने बताएका छन् । देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउँन सबैलाई दिवसबाट प्रेरणा मिलोस् भन्ने कामना उनले गरे ।

## बजार पठाउन अघि कोदोको पिठो सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ २०औं राष्ट्रिय धान दिवसको अवसरमा मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङतानले कालीखोला कोदो पिठो बजारीकरणका लागि सार्जनिकीकरण गरेका छन् ।

संघीय सशर्त रैथानेबाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत मकवानपुर गढी गाउँपालिकाको सहयोगमा वडा नम्बर ४ स्थित अपाङ तथा विपन्न कृषि सहकारी संस्थामार्फत कोदो संकलन, भण्डारण, प्रशोधन, लेबलिङ, प्याकेजिङ र बजारीकरणको कार्य गर्नेगरी कालीखोला कोदो ब्रान्डको कोदो पिठो एक केजीको प्याकेजिङमा बजारीकरणको लागि सार्वजनिकीकरण गरिएको हो । जसको मूल्य प्रतिकेजी १ सय रुपैयाँ तोकिएको गाउँपालिकाको कृषि शाखाप्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए ।

### बीरगंज-काठमाडौं सामान ढुवानीमा वार्षिक अरबौं रुपैयाँ जोगिने गरी

## हेटौंडामा कृषि विकास बैंकको संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/कृषि विकास बैंक लिमिटेड शाखा हेटौंडाले अस्पतालमा आउने विरामी तथा उपचारमा आउने बिरामीको सहयोगीलाई स्वास्थ्यसम्बन्धी उपयोगी सूचना तथा जानकारी प्रदान गर्नको लागि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल हेटौडालाई टेलिभिजन हस्तान्तरण गररेको छ ।




बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत अस्पतालका अध्यक्ष राजेश प्रशाई, मेडिकल सुपरिटेन्डेन्ट रामचन्द्र सापकोटा, अस्पताल सञ्चालक सदस्य उत्सव चौलागाईं, लेखाअधिकृत खिमानन्द पौडेल र अस्पतालका नर्सिङ प्रमुखको उपस्थितिमा सामान हस्तान्तरण गरेको हो । कृषि विकास बैंक लिमिटेड प्रदेश कार्यालयका वरिष्ठ शाखाप्रमुख नुर प्रसाद गौतम, हेटौडा शाखाका प्रबन्धक तीर्थराज पौडेल तथा बैंकका कर्मचारीको सहभागिता रहेको थियो ।

कृषि विकास बैंकका वरिष्ठ शाखाप्रमुख गौतमले कृषि विकास बैंको २८५ भन्दा वढी शाखाबाट सम्पूर्ण आधुनिक बैकिङ सुविधा सहित कारोबार गरिरहेकोले बैंकको सेवावाट लाभलिन आग्रह गरे । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट सापकोटाले बैंकको संस्थागत सामाजिक कार्यक्रमअंतर्गत प्राप्त सहयोगबाट अस्पतालका सेवाग्राही लाभान्वित हुने बताए ।

## सरसफाई सामग्री बनाउन महिलालाई तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर १६ मा स्थानीय महिलालाई सरसफाई सामग्री बनाउन तालिम दिइएको छ ।

१६ नम्बर वडा कार्यालयले स्थानीय २ सय जना महिलालाई चार चरणमा गरेर तालिम दिन बिहीवारबाट सुरु गरेको हो । एउटा समूहमा ५० जना महिला राखेर सरसफाई सामग्री साबुन, सरफ र हार्पिक बनाउन सिकाइएको हो । तालिमको शुक्रबार हेटौंडाका उपप्रमुख राजेश बानियाँ, वडाअध्यक्ष रामकृष्ण कोइराला र वडासदस्यहरूले अनुगमन गरेका छन् ।

उपप्रमुख बानियाँले सर सफाई सामग्री तयार भएपछि बजार को चिन्ता नलिन आग्रह गरे । उत्पादित समग्रीको बजारिकरणका लागि उपमहानगरपालिकाले नै सहजीकरण गर्ने बानियाँले प्रतिबद्धता जनाएका छन् ।

उन्नति महिला सञ्जाललाई दिइएको तालिम १७ गते सकिनेछ । उन्नति जस्ता थप ९ वटा सञ्जालका महिलाहरुले तालिम लिइरहेका हुन् । समूहकी कोषाध्यक्ष रञ्जिता अधिकारीले सरससफाई सामग्री बनाउन सिक्न पाउँदा खुशी लागेको बताइन् । उनले सीप सिकेर महिलाहरु आयआर्जनमा जोडिनुपर्ने बताइन् ।

## ६ नम्बर वडाबाट विद्यालयलाई प्रोजेक्टर सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ हेटौंडा उपमहानगरपालिका ६ नं. वडा कार्यालयद्वारा यहाँको एक विद्यालयलाई प्रोजेक्टर सहयोग गरेको छ । हेटौंडा-६ चौघडामा रहेको बंशगोपाल माध्यमिक विद्यालयलाई ४ थान प्रोजेक्टर सहयोग गरेको हो । वडा कार्यालयको चालु आव. २०७९/८० कोस्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रोजेक्टर सहयोग गरिएको वडा कार्यालयले जनाएको छ ।

विद्यालयलाई प्रविधिमैत्री बनाउन प्रोजेक्टर सहयोग गरेका हौं, कम्प्युटर हस्तान्तरण गर्दै वडाअध्यक्ष विष्णु बहादुर दाहालले भने-'हामी वडामा रहेका सबै विद्यालयलाई प्रविधिमैत्री बनाउँछौं ।' विद्यालयलाई प्रोजेक्टर प्रदान गरेकोमा खुशी छौं, विद्यालयका प्राचार्य रमेश लामिछानेले भने- 'अघिल्लो बर्ष प्रदेश सरकारले २० वटा ल्यापटप उपलब्ध गराएको थियो । अब हामीलाई २० वटा ल्यापटप, १५ वटा प्रोजेक्टर र १० वटा सिसि क्यामेराको आवश्यकता छ, यति भयो भने विद्यालय प्रविधिमैत्री बन्छ ।'

प्रोजेक्टर हस्तान्तरण कार्यक्रममा वडाअध्यक्ष दाहाल, वडासदस्य विजय पौडेल, लेखराज ढकाल, विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष श्यामप्रसाद श्रेष्ठ, वडासचिव आमोदप्रसाद मैनाली, विद्यालयका लेखापाल कृष्ण मानन्धर, सञ्चारकर्मी भमिसेन पौडेलल गायतको सहभागिता थियो । विद्यालयमा करिव १ हजार विद्यार्थी अध्ययनरत छन् ।

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना